का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १२६
❒ १६ असार २०७७, मंगलबार
❒ 30 June 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १३२४८ जना | ३१३४ जना | २१५८३९ | १०८५ | २९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड २ लाख | ५५ लाख ८३ हजार | ५ लाख ५ हजार | ४१ लाख ९७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



नेपाल कृषि अनुसन्धान परिषद् बाली विज्ञान महाशाखा खुमलटारमा सोमबार रोपाइँ गरी सत्रौं राष्ट्रिय धान दिवस मनाइयो। फार्म परिसरमा रोपाइँका लागि राखिएको धानको बीउ।

# उत्कर्षमा संघर्ष


**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई हटाउन भारतीय इसारामा नेपालका नेताहरू लागी परेको बताएर पार्टीभित्रको संघर्ष उत्कर्षमा पुगेको संकेत दिएका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार।

गएको असार १० गते देखि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक शुरु भएको छ। असार १३ गते पछाडि दुई दिन स्थगित भएको बैठक आज पुनः बस्दैछ। यसअगाडि तीन दिन बसेको बैठक औपचारिकता र पार्टीभित्र सर्वसहमत विषयमा छलफल भएको थियो।

तर, आजबाट शुरु हुने बैठकमा भने नेकपाभित्र देखिएको असन्तुष्टि पोखिन शुरु हुने देखिन्छ। किनभने, आजबाट स्थायी कमिटी बैठकमा कोभिड महामारी व्यवस्थापन सहित सरकारको समीक्षा हुँदैछ। आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई पदबाट हटाउन भारतीय दूतावास सक्रिय भएको बताएर पनि नेकपाभित्रको संघर्ष उत्कर्षमा पुगेको प्रष्ट संकेत दिएका छन्। यसअगाडि पुष्पकमल दाहाल प्रचण्डले असार १० गते नै प्रधानमन्त्री पद छोडेर गल्ती भएको महशुस भएको बताएका थिए।

प्रधानमन्त्री पदबारे प्रचण्डले अभिव्यक्ति दिएको चार दिन पछि प्रधानमन्त्री ओलीले



सार्वजनिक रुपमै अभिव्यक्ति दिएका हुन्। तर प्रधानमन्त्रीको अभिव्यक्ति प्रति नेकपाकै नेताहरू पनि सहमत छैनन्। ती नेताहरुको तर्क छ- यो सरकार नेकपाको दुई तिहाइ नजिकको जनमत प्राप्त भएकाले यस्तो अभिव्यक्तिमा सत्यता छैन, बरु आफ्नो पद सुरक्षित राख्ने उनको प्रयत्न हो।

एक नेताले त नक्सा जारी गरेकाले नभएर हटाउन खोजिएको नभएर नेपालको नक्सा जारी गर्नुपर्ने भएकाले चाहिं यसअगाडि पदबाट हटाउने प्रस्ताव स्थगित गरिएको थियो। प्रधानमन्त्री ओलीले नेपालको नयाँ राजनीतिक नक्सा जारी गरिए बापत आफूलाई भारतीय दूतावासको सक्रियतामा हटाउन खोजिएको अभिव्यक्ति दिएका थिए।

नेकपाको बैठक हेर्दा पनि प्रधानमन्त्री ओलीले पार्टीभित्र संघर्ष उत्कर्षमा पुगेको बाँकी पृष्ठ २ मा

# सर्तसहित उपत्यका प्रवेश खुला

**कोभिड–१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) ले अनिवार्य होम क्वारेन्टिनमा बस्ने सर्तमा स्थानीय तहबाट सिफारिस लिएर उपत्यका राजधानी भित्रन दिने भएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार।

कोभिड–१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) ले अनिवार्य होम क्वारेन्टिनमा बस्ने सर्तमा स्थानीय तहबाट सिफारिस लिएर उपत्यका राजधानी भित्रन दिने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसार, स्थानीय सरकार र प्रहरीको सिफारिस लिएर आए पछि होम क्वारेन्टिनमा बस्ने सर्तमा उपत्यका भित्रन दिने भएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव महेन्द्र गुरागाईले यो सर्तअनुसार, हवाई तथा स्थलमार्गबाट समेत आउन दिइनेछ। सीसीएमसीले क्वारेन्टिनमा स्वास्थ्य सामग्री वितरण गर्न मन्त्रालयको अनुमति पनि अनिवार्य गर्ने निर्णय गरेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिनेहरुका लागि स्वास्थ्य जाँचको व्यवस्था मिलाइएको छ। विमानस्थलका कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाका सामग्रीहरु प्रतिव्यक्ति २ जोरका दरले वितरण गर्ने पनि



निर्णय गरेको छ। आमा र बच्चा नेपाली नागरिकताधारी र बुबा विदेशी पासपोर्ट भएकाहरुको भिसा सहजिकरणका लागि निर्णय गर्न मन्त्रिपरिषदलाई सिफारिस गरिएको छ।

**■ एकको मृत्यु**

नेपालमा कोरोना संक्रमणबाट थप एकजनाको मृत्यु भएको छ। रौतहटका ३० वर्षीय पुरुषको कारोनाका कारण बाँकी पृष्ठ २ मा

# सलह समस्याबारे विज्ञको बुझाइ

**शनिबार देखि देशका विभिन्न जिल्लामा पुगिसकेको सलह समस्या बढेर जाने संभावना कम रहेकोमा कृषि तथा वन विज्ञहरू विश्वस्त देखिन्छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार।

अण्डा पार्ने र बच्चा हुर्काउन आवश्यक वातावरण नभएका कारण नेपाल प्रवेश गरेका सलह कीराको संख्या बृद्धि हुने संभावना कम रहेको विज्ञहरुले बताएका छन्।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका किट विज्ञान विभागकका प्रमुख प्राडा सुन्दर तिवारीका अनुसार, यो प्रजातिका कीरालाई अण्डा पार्न वालुवाले ढाकेको ठूलो क्षेत्र र गर्मी मौसम आवश्यक पर्छ। "त्यस्तो ठाउँ नेपालमा छैन। यस दृष्टिकोणले सो कीरा फैलिने सम्भावना कम रहेको छ", उनले भने।

वातावरणीय प्रभावका कारण थप अनौठो नभएमा सलह उपयुक्त प्रजनन् क्षेत्रतर्फ फर्किने अनुमान समेत गरिएको छ। उनले भने, "नेपालमा ती कीरा फट्याङग्रा भारतको राजस्थानबाट आएको हुन सक्छ। प्रजनन्का लागि यो पुनः त्यही फर्किने सम्भावना छ।"

अफ्रिकाबाट सात हजार किलोमिटर पार गरेर कीरा आएको जस्तो नदेखिएको र अहिले आएका ती कीरा भारतको सो क्षेत्रकै भएको विज्ञले औल्याएका छन्। अहिले नेपालमा आएका सलह तेस्रो, चौथो र पाँचौं चरणका भएको उनको भनाइ छ। सलहको आयु छैटौं चरणसम्म हुने र ६ हप्ताको रहने बताइएको छ। सरसरती हेर्दा अहिले आएका सलहमध्ये पाँचौं थप एक हप्ता, चौथो डेढ हप्ता र तेस्रो दुई हप्ता मात्रै रहने अनुमान छ।

प्रजनन्का लागि वयस्क कीरा फर्किने अनुमान गरिएको छ। उनले धेरै आत्तिनुपर्ने अवस्था नरहेको तर पूर्वतयारी गर्नुपर्नेमा उनको जोड थियो। उनका अनुसार सलह साधारण फट्याङ्गा प्रजातिको नै हो। यसको सिंग बाँकी पृष्ठ २ मा

हार्दिक श्रद्धाञ्जली



जन्म
बि.स १९९८
माघ १० गते

स्व. हरिलाल गिरी

स्वर्गारोहण
बि.सं. २०७७
असार ५ गते

हाम्रा अनन्य मित्र यस महासंघका केन्द्रीय सदस्य एवं फयुजन पोलिक्लिनिक एन्ड डाइग्नोस्टिक सेन्टर प्रा.लि.का संचालक डि.बि गिरीको पुजनीय पिता हरिलाल गिरीको २०७७/03/05 गते असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिबंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

कैलाश खड्का
अध्यक्ष
तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ परिवार

# कामदार नफर्किंदा अर्थमन्त्री खुसी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

अन्तर्राष्ट्रिय श्रम संगठन र नेपालका विभिन्न सरकारी निकायले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण अनिवार्य रुपमा लाखौं नेपाली स्वदेश फर्किन सक्ने भनि दिएको प्रतिवेदन विपरित वैदेशिक रोजगारमा गएका अत्यन्त थोरै नेपाली कामदार फर्किएपछि अर्थमन्त्री डा. युवराज खतिवडा उत्साहित देखिएका छन्।

अर्थमन्त्री डा. खतिवडाको यो उत्साह सोमबार नेपाल उद्योग परिसंघको १७ औं वार्षिक साधारणसभालाई गरेको भिडियो सम्बोधनमा देखियो। उनले भने, 'कोरोना महामारीका कारण वैदेशिक रोजगारीमा सोचेजति असर परेन, यो नेपाली अर्थतन्त्रका लागि सकारात्मक पक्षका रुपमा रहेको छ।'

अघिल्लो आर्थिक वर्ष वैदेशिक रोजगारीबाट ८ खर्ब ७९ अर्ब रेमिट्यान्स आएकोमा चालु आर्थिक वर्षको आठ महिनामा ५ खर्ब ९२ अर्ब प्राप्त भएको थियो। गत वर्ष ५ लाख नेपाली वैदेशिक रोजगारीमा गएका थिए भने गत फागुन मसान्तसम्म १ लाख ९० हजार ३ सय ८८ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन्।

वैदेशिक रोजगारमा ठूलो संख्यामा नेपाली कामदार रहेका मध्यपूर्व तथा मलेसियामा कोभिडको महामारी फैलिरहेकाबेला गत चैत २७ गते अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले विश्वभर सवा अर्ब मानिसको तलब तथा काम गर्ने समयमा कटौती भई रोजगारी गुमाउन सक्ने चेतावनी दिएको थियो। आईएलओले अमेरिकाको रोजगारीमा ४३ प्रतिशतले कमी आउन सक्ने र नेपाली कामदारहरुले रोजगारी पाइरहेको खाडी, मलेसिया र जापानसमेत रहेको एशिया प्यासिफिक क्षेत्र बढी जोखिमपूर्ण अवस्थामा देखिएको बताएको थियो।

त्यसको तीन दिनअघि मात्र आईएलओले कोरोना भाइरसका कारण खाडी क्षेत्रबाट करिब ५० लाखले रोजगारी गुमाउन सक्ने प्रारम्भिक आँकलन गरेको थियो। त्यसमा उल्लेख्य संख्यामा अदक्ष कामदारको हैसियतमा रहेका नेपाली कामदार पनि पर्ने आँकलन गरिएको थियो।

आईएलओको उक्त प्रारम्भिक प्रतिवेदन आएको करिब एक महिनापछि गत वैशाख २४ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहत रहेको वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले कोरोना संक्रमणका कारण वैदेशिक रोजगारी गुमाई संकटमा परेकामध्ये करिब एक लाख २७ हजार नेपालीलाई तत्काल उद्धार गर्नुपर्ने अवस्थामा रहेको जानकारी संसदीय समितिलाई दिएका थिए।

प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा उनले ४ लाख ७ हजार नेपाली स्वदेश फर्किन चाहेको भएता पनि तत्काल एक लाख २७ हजार नेपालीलाई उद्धार गरी फर्काउनुपर्ने बाध्यता रहेको बताएका थिए। तर परि स्थिति शुरुको आँकलन जस्तो रहेन। आइतबारसम्म एघार हजार भन्दा केही बढी नेपाली मात्र फर्किएका छन्। त्यसमा सरकारको एक रुपैयाँ पनि लगानी परेको छैन।

त्यसप्रति ईंगित गर्दै अर्थमन्त्री डा. खतिवडाले महामारीका कारण वैदेशिक रोजगारीमा रहेका धेरै नेपाली समस्यामा पर्ने अनुमान गरिए पनि क्रमशः आर्थिक क्रियाकलाप सञ्चालन हुँदै जाँदा रोजगारीको समेत सुनिश्चितता भइरहेको बताए। जेठ महिनामा भित्रिएको १ खर्ब हाराहारी रेमिट्यान्सले विदेशी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नवीकरणका लागि १५ दिनमा १८२ कम्पनी विभागमा

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागमा करिब दुई सय व्यवसायी ईजाजतपत्र नवीकरणका लागि पुगेका छन्। कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण बन्द रहेको विभाग गत असार एक गतेदेखि खुला भएको हो। विभागले सोही दिनदेखि संस्था नवीकरण शुरु गरेको हो।

कार्यालय खुलेको १५औं दिन अर्थात् सोमबारसम्म ८ सय ५४ व्यवसायीहरु मध्ये १ सय ८२ मात्र नवीकरणका लागि पुगेका छन्। नवीकरणका लागि विभागले अघिल्लो आर्थिक वर्ष २०७५/०७६को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिल गरेको प्रमाण, पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने वैदेशिक रोजगार नियमावलीको नियम ८ (क१) अनुसारको कागजात नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपि समावेश गराउन भनेको छ।

आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा बाँकी पृष्ठ २ मा

## सुस्मिता हत्या प्रकरण

# परिवारै मिलेर हत्या

## ■ससुराद्वारा बलात्कार प्रयास ■सुस्मिताका पतिको बीमा रकमको लोभ

**हेटौंडामा मृत भेटिएकी सुस्मिताका पतिको ६ महिनाअघि दुर्घटनामा मृत्यु भएको थियो। सोही वापत प्राप्त हुने बीमा रकम ३८ लाख रकमको लोभ र बुहारीमाथि बलात्कार प्रयासको घटना बाहिर आउने डरले परिवारै मिलेर सुस्मिताको हत्या गरे।**

**मध्यान्ह संवाददाता**
हेटौंडा, १५ असार

गत असार २ गते हेटौंडामा मृत भेटिएकी सुस्मिता क्षेत्री थापाको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले पक्राउ गरेका चार जनालाई सोमबार सार्वजनिक गरेको छ। सो प्रकरणमा प्रहरीले मृतक सुस्मिताका ससुरा प्रकाश, सासू, तुलसा, नन्दहरु दुर्गा र सीतालाई पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।



छ महिनाअघि दुर्घटनामा मारिएका सुस्मिताका पति रुपेन्द्र कार्यरत संस्थाबाट तलब, भत्ता तथा बीमासमेत गरी प्राप्त हुने रु ३८ लाख २८ हजार तथा पतिको दुर्घटनापछि क्षतिपूर्तिवापत सुस्मिताले प्राप्त गरेको रु पाँच लाखको विवाद, ससुराले गरेको बलात्कार प्रयासको घटना बाहिरिने डर लगायतले उनको हत्या भएको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले पत्रकार सम्मेलनमा जानकारी दिए।

सुस्मितालाई ससुराले काठको लौरो र नन्द सीताले लोहोराले हानेर हत्या गरेको प्रहरीले दावी गरेको छ। पक्राउ परेकी सासू र घटनाको समयमा काठमाडौँमा भएकी जेठी नन्दको पनि हत्यामा संलग्नता रहेको तथा घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**कसरी भयो हत्या ?**

प्रहरीका अनुसार असार १ गते अन्दाजी बेलुकी ९ बजे मृतक सुस्मिताको परिवारका सदस्यहरु ससुरा प्रकाश थापा, सासु तुलसाकुमारी थापा बेलुकाको खाना खाई भान्छाकोठाबाट आफ्नो सुत्ने कोठातर्फ गएका थिए। खाना खानुअघि ससुरा प्रकाश थापाले मदिरा सेवन गरिसकेका थिए भने मृतक सुस्मिता र नन्द सिता भान्छाकोठामा खाना खाइरहेका थिए।

सुस्मिता महिनावरी भएका कारण भान्छाकोठाको भुईमा बसेर खाना खाँदै थिइन्, सोही समयमा ससुरा प्रकाशले काठको लौरो लिएर भान्छाकोठामा प्रवेश गरी बुहारी मृतक सुस्मिताको टाउकोमा पछाडिबाट प्रहार गरेको देखिन आएको प्रहरीले जनाएको छ। ससुराको प्रहारपछि भुईमा लडेकी सुस्मितालाई नन्द सिता थापाले नजिकै रहेको लोहोरो प्रहार गरेपछि उनी गम्भिर घाइते भएकी थिइन्।

सुस्मिताले बचाउ भन्दै कराउन थालेपछि सासु तुलासा पनि भान्छाकोठामा आइन्। तर उनलाई चुपचाप बाबुछोरीले अर्को कोठामा गएर बस्न भने। त्यसपश्चात बाबुछोरी मिलेर सुस्मिताको हत्या गरेर आत्महत्या जस्तो घटना देखाउन प्रयास गरे। मृतक सुस्मिताका ससुरा र नन्द अर्थात बाबुछोरी मिलेर हत्या भएको कोठमा फुटेका सिसाहरु, बिग्रेका भाँडाकुडा मिलाए, भुईंमा लागेको रगत सफा गरे र भित्रबाट चुकुल लगाएर आफुहरु झ्यालबाट निस्केर आत्महत्या जस्तो बनाउने प्रयास गरेको अनुसन्धानबाट खुल्न आएको प्रहरीको भनाइ छ।

कोठा मिलाएर जिउमा र कपडामा लागेको रगत सफा गरेर भोलिपल्ट ससुरा प्रकाशले बुहारीले आत्महत्या गरेको भन्दै गाउँलेलाई बोलाएपछि प्रहरीसम्म घटना पुगेको थियो।

# दोलखाका दुई कोरोना संक्रमितलाई राजधानी पठाइयो

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १५ असार

दोलखाको गौरिशंकर गाउँपालिकाका दुई जना कोरोना संक्रमितलाई काठमाण्डौ मेडिकल कलेजको आइसोलेशनमा पठाइएको छ। उनीहरुलाई भक्तपुरको दुवाकोटमा रहेको आइसोलेशनमा पठाइएको गौरिशंकर गाउँपालिकाको कार्यालयले जनाएको छ। उनीहरुलाई सोमबार बिहान साँढे ११ बजे पठाइएको हो।

आइतबार भातरबाट आएका पुरुष र कुवेतबाट आएकी महिलामा कोरोना संक्रमण पुष्टी भएको थियो। संक्रमीत दुवै जनामा कुनै पनि लक्षण नभएको गौरिशंकर गाउँपालिका स्वास्थ्य शाखा संयोजक बसन्तराज रेग्मीले जानकारी दिए।

त्यसैगरि सोमबार नै गाउँपालिकाको हलेश्वर माविको क्वारेन्टाइनमा रहेका १८ जना र गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी १७ जना गरी कुल ३५ जनाको स्वाव संकलन गरी काभ्रेस्थित धुलिखेल अस्पताल पठाइएको छ।

यसैबीच भारतबाट सँगै आएका पुरुषमा कोरोना संक्रमण पुष्टि भएपछि कालिन्चोक गाउँपालिका र विगु गाउँपालिकाले पनि स्वाव संकलन गरि पठाएको छ। संक्रमित सँगै आएका कालिन्चोक गाउँपालिकाका १३ जना र विगु गाउँपालिकाका ८ जनाको स्वाव संकलन गरि पठाइएको हो।

विगु गाउँपालिकाले दुवईबाट आएका थप एक जनाको पनि स्वाव संकलन गरि पठाएको जिल्ला स्वास्थ कार्यलय दोलखाले जानकारी दिएको छ। गौरीशंकर गाउँपालिकामा २ जनामा कोरोना संक्रमण पुष्टी भएको थियो। गाउँपालिकाको क्वारेन्टाइनमा बसेका एक महिला र एक पुरुषको पिसिआर रिपोर्ट पोजिटिभ आएको हो।

स्वास्थ्य कार्यालय दोलखाका अनुसार संक्रमण पुष्टी भएका २ सहित ७ जनाको असार ११ गते स्वाव संकलन गरि धुलिखेल पठाइएको थियो। उनीहरु दुई जनामा कोरोना संक्रमण पुष्टी भएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभु कुमार झाले जानकारी दिए। गौरिशंकर गाउँपालिका वडा नम्बर ५ सुरीको हलेश्वर माध्यमीक विद्यालयमा क्वारेन्टाइनमा बसेका भारतबाट आएका एक पुरुष र कतारबाट आएकी एक महिलामा कोरोना संक्रमण पुष्टी भएको थियो। उक्त क्वारेन्टाइनमा उनीहरुसहित २५ जना रहेका छन्।

यसअघि दोलखाका २ जनामा कोरोना संक्रमण पुष्टी भएको थियो। भीमेश्वर नगरपालिकाका कोरोना संक्रमित वृद्धको मृत्यु भइसकेको छ भने वैत्यश्वर गाउँपालिकाकी सुत्केरी महिना कोरोना मुक्त भइ घर फर्किएका छन्। उनीहरुलाई काठमाण्डौ उपत्यकामा नै कोरोना संक्रमण भएको बताइए पनि दोलखामै कोरोना पुष्टी भएको यो पहिलो पटक रहेको जिल्ला स्वास्थ कार्यलय दोलखाले जनाएको छ।

# प्यूठानमा कोरोना संक्रमितको संख्या ३०४ पुग्यो

## एकै दिन २३ जनाले जिते कोरोन

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, १५ असार

प्यूठानमा कोरोना संक्रमितको संख्या तीन सय चार पुगेको छ। सोमबार थप ९ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या तीन सय चार पुगेको हो। सोमबार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंमा भएको पिसीआर परीक्षणमा ५ जना र प्रदेश जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा ४ जना गरी ९ जनामा कोरोना पुष्टि भएको हो।

थपिएका नयाँ संक्रमितहरु स्वर्गद्वारी नगरपालिकाका १ जना, प्यूठान नगरपालिकाका २ जना, नौबहिनी र गौमुखी गाउँपालिकाका २ र २ जना, झिमरुक र माण्डवी गाउँपालिकाका १ र १ जना रहेको स्वास्थ्य कार्यालय प्यूठानका फोकल पर्शन पुस्कल श्रेष्ठले बताए। संक्रमित हुनेमा २ महिलासहित ७ जना पुरुष छन्। उनीहरु १७ देखि ५४ वर्ष उमेर समूहका रहेको फोकल पर्शन श्रेष्ठले जानकारी दिए।

**एकै दिन २३ जनाले कोरोना जिते**

प्यूठानमा एकै दिन थप २३ जनाले कोरोना जितेर घर फर्किएका छन। जिल्लाको बिभिन्न स्थानीय तहका क्वारेन्टाइनमा बसेका २३ जनाले सोमवार कोरोना संक्रमण जितेर घर फर्किएका हुन्। सोमबार कोरोना जित्नेमा नौबहिनी गाउँपालिकाको गंगा माविको क्वारेन्टाइनमा बसेका १७ जना, माण्डबी गाउँपालिकाका ३ जना, गौमुखीका गाउँपालिकाका २ जना र प्यूठान नगरपालिकाका १ जना गरी २३ रहेका छन। उनीहरुको दोस्रो पटक स्वाव संकलन गरी परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएपछि घर पठाइएको श्रेष्ठले बताए।

यसअघि माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाका १/१ जनाले कोरोना जितेर घर फर्किएका थिए। योसँगै जिल्लामा कोरोनाबाट निको हुनेको संख्या २५ पुगेको छ।

# मन्त्रीको असहमतिकाबीच निजामती विधेयक पारित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

संघीय मामिला तथा समान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीको असहमति रहँदा पनि संसदको राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती विधेयक परित गरेको छ। सोमबार सिंहदरबारमा बसेको समितिको बैठकमा सभापति शशी श्रेष्ठले संघीय निजामति सेवाको गठन, सञ्चालन र सेवा शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बहुमतले पारित भएको घोषणा गरिन्।



सभापति श्रेष्ठले असहमत सांसदहरुलाई फरक मत लेख्न सक्ने बताइन्। उनले भनिन्, 'माननिय सदस्यहरुलाई भने सरकारको संलग्नता वहाँ नै सचिव, वहाँ नै मन्त्री हुनुभएन, वहाँहरु नै सहसचिव हुनुभएन, सरकार भनेको त निरन्तरता हो। बाँकी कुरा मिलाउने कुरा भयो। यो पारीत भयो।'

विधेयकमा प्रदेश मन्त्रालयका सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवा अन्तर्गत हुने र प्रदेश प्रमुख सचिव संघीय सरकारको निजामति सेवा अन्तर्गत रहने व्यवस्था गरिएको छ। प्रदेश निजामती सेवा तयार नहुँदासम्म प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघीय सरकारले मूख्यमन्त्रीको कार्यालयमार्फत पठाउने छ। त्यस्तै प्रदेश र स्थानीय तहका कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्दा मन्त्रालयका सचिव संयोजक, सम्बन्धित पुनरावलोकन कर्ता सदस्य र सम्बन्धित सुपरीवेक्षक सदस्य रहने व्यवस्थासहित विधेयकको प्रतिवेदन तयार भएको सभापति श्रेष्ठले बताइन्।

विधेयकमा मन्त्री त्रिपाठीले समायोजनमा पठाइएका कर्मचारीलाई फेरी संघीय निजामती सेवामा तान्नुपर्ने, अवकाशको व्यवस्था, समावेशिता र प्रदेश सचिवको विषयमा विधेयकको प्रतिवेदनमा गरिएको व्यवस्थामा आफ्नो असहमति रहेको बताएका थिए। उनले यि विषयमा फेरी छलफल नभए मन्त्रालयले फरक मत राख्ने स्पस्ट पारे।

सभापति श्रेष्ठले भने एकपटक सहमति भएका विषयमा विधेयकमाथिको छलफल लम्बिदै जाँदा असहमति देखिन थालेकाले आजै पारीत गर्नुपर्ने भन्दै असहमत हुनेले नोट अफ डिसेन्ट लेख्न सक्ने बताइन्। बैठकमा सत्तारुढ दलका केही सांसदहरु झपट रावल, विजय सुब्बा लगायतका सांसदहरुले असहमति राखेका छन्। उनीहरुले नोट अफ डिसेन्ट लेख्ने जानकारी गराए। त्यस्तै विधेकको प्रतिवेदनमा गरिएका केही व्यवस्थामा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, समाजवादी पार्टी, राजपा, नेमकिपा लगायतका दलका सांसदहरुले नोट अफ डिसेन्ट लेख्ने बताए।

# फेन्सी पसलमा आगलागी, १० लाखको क्षति

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १५ असार



पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाको वडा नं. १६ चौपत्तामा एक फेन्सी पसलमा आगलागी हुँदा फेन्सी कपडाहरु पूर्णरुपमा जलेर नष्ट भएको छ। बर्दघाट नगरपालिकाको वडा नं. १४ चौपत्तास्थित गांगबस्तीमा रहेको यूनिक फेन्सी पसलमा गएराति बिजुली सर्ट भएर आगलागी हुँदा फेन्सी पसलमा रहेको फेन्सी कपडा पूर्णरुपमा जलेर नष्ट भएको हो।

बर्दघाट नगरपालिका वडा नं १५ का वडाअध्यक्ष बलबहादुर बलालको चौपत्तामा रहेको गंगाबस्ती चोकमा रहेको घरमा प्रदीप पाण्डेले युनिक फेन्सी कक्लेकशनका संचालन गरेको पसलमा आगलागीं हुँदा फेन्सी कपडा पूर्णरुपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका डिएसपी एवं सुचना अधिकारी राजु लामाले जानकारी दिए। उनका अनुसार आगलागीबाट दश लाख बराबरको क्षति भएको छ। स्थानीयवासी र प्रहरीको सक्रियाताामा आगो नियन्त्रणमा लिइएको प्रहरीले जानएको छ।

### उत्कर्षमा...

संकेत दिएका छन्। पहिलो दिन सरकारको बचाऊ गर्दै एक घण्टा लामो मन्तव्य राखेका प्रधानमन्त्री ओली त्यस यताको बैठकमा अनुपस्थित रहेका छन्। १२ असार शुक्रबारको बैठकमा प्रधानमन्त्री अनुपस्थित रहेपछि अष्टलक्ष्मी शाक्य र भीम रावलले चर्को आलोचना गरेका थिए। यसपछि असार १३ गतेको बैठकमा केहीबेर बसेर बाहिरिएका थिए।

नेकपाभित्रको विवादकै कारण २५ वैशाख र ३१ वैशाखमा बोलाइएको स्थायी कमिटी बैठक अन्तिम समयमा स्थगित गरिएको थियो। दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि नेकपाको सबै पार्टी संरचनामा प्रधानमन्त्री ओली अल्पमतमा परेका छन्। कार्यकारी अध्यक्ष प्रचण्ड, वरिष्ठ नेताद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठ एउटा कित्तामा उभिएका छन्। उनीहरु निकटका २० स्थायी कमिटी सदस्यहरुले बैठक राख्न वैशाख १० गते लिखित माग राखेका थिए। सीमा समस्या र समाधानबारे भइसकेको नेकपाभित्र प्रधानमन्त्री पद नै छोड्न दबाव दिनेगरी सरकारको कामबारे समीक्षा हुँदैछ।

### सर्तसहित ...

मृत्यु भएको हो। ललितपुरको सानेपामा रहेको स्टार अस्पतालमा उपचाररत ती युवकको शनिबार मृत्यु भएको हो।
मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार स्वासप्रस्वासमा समस्या आएपछि अस्पताल भर्ना भएका थिए। आइसियुमा उपचाररत उनको १३ गते स्वाव संकलन गरी पाटन अस्पतालमा कोरोना परीक्षणका लागि पठाइएको थियो। १३ गते बेलुकी नै उनको निधन भएको थियो। उनको आइतबार मात्रै कोरोनाको पोजेटिभ रिपोर्ट आएको थियो। तीन महिनादेखि फोक्सोमा समस्या आएका कारण विभिनन अस्पतालमा उनी उपचारका लागि गएको प्रवक्ता डा. गौतमले बताए। उनको शव नेपाली सेनाले व्यवस्थापन गरेको छ। योसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या २९ पुगेको छ।

४७६ थपिए

सोमबार नेपालमा ४ सय ७६ जना कोरोना संक्रमित थपिएका छन्। जसमा १ सय १३ महिला र ३ सय ६६ पुरुष रहेका छन्। योसँगै नेपालमा कोरोना संक्रमितको संख्या १३ हजार २ सय ४८ पुगेको छ। जसमा महिला १ हजार ५ सय ८६ महिला र ११ हजार ६ सय ६२ जना पुरुष रहेको प्रवक्ता डा. गौतमले बताए।

सरकारले आफ्नो लक्ष्य अनुसार परीक्षणको दायरा बढाउन सकेको छैन। स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले असार १५ गतेबाट हरेक दिन १० हजारको पीसीआर परीक्षण गर्ने सार्वजनिक अभिव्यक्ति दिएपनि सो परिणाममा परीक्षणको संख्या बढ्न नसकेको हो। यद्यपि सोमबार विगत दिनभन्दा सबैभन्दा बढी ७ हजार ७ सय ९१ जनाको कोरोना परीक्षण भएको छ। सोमबार पीसीआर विधिबाट २ लाख २३ हजार ६ सय ३० जनाको कोरोना परीक्षण भएको छ।

आरडिटी विधिबाट १ हजार ८ सय २२ जनाको गरी आजसम्म २ लाख ९७ हजार ८ सय ७१ जनाको परीक्षण भएको छ। अहिले देशभरीका क्वारेन्टिनमा ५७ हजार ३ सय ६८ जना रहेका छन्।

देशभरीका विभिन्न अस्पतालका आइसोलेसनमा १० हजार ८५ जना संक्रमित उपचाररत रहेका छन्। सोमबार १३ महिला र १ सय ८ पुरुष गरी १ सय २१ जना संक्रमित निको भएर डिस्चार्ज भएका छन्। आजसम्म २ सय ६६ महिला र २ हजार ८ सय ६६ पुरुष गरी ३ हजार १ सय ३४ जना डिस्चार्ज भएको मन्त्रालयका प्रवक्ता डा. देवकोटाले बताए।

मन्त्रालयले काठमाडौं उपत्यका लगायत घनाबस्तीहरुमा कोरोनाको जोखिम बढिरहेको उल्लेख गर्दै सामाजिक दुरी कायम गर्दै अन्य स्वास्थ्य सुरक्षाका उपाय अपनाउन आग्रह गरेको छ। अहिले सडकहरुमा हिडडुल गर्नेहरुको भिड बढेको, विवाह व्रतबन्धहरुमा भोज भतेर गरेर भीडभाड भएको कुराहरु देख्न थालेको प्रति मन्त्रालयले चिन्ता व्यक्त गरेको छ। कोरोना संक्रमणको जोखिम कम भएजस्तै गरी भइरहेको गतिविधिप्रति मन्त्रालयले गम्भिर चिन्ता व्यक्त गरेको छ।

### सलह ...

छोटो हुन्छ। यसको पछाडिको खुट्टा दह्रो र मोटो हुन्छ। यो कीरा समूहमा बस्न मन पराउँछ। उनले भने, "यसले जमिनको तल बालुवामा ६०-८० वटाको समूहमा अण्डा पार्दछ र यसको जीवनभरमा तीन पटकसम्म अण्डा पारेको रेकर्ड छ। १० देखि ६५ दिनमा अण्डाबाट बच्चाको स्वरुप लिन्छ।"
सलहका बच्चा १ देखि ३ महिनामा पूर्ण वयस्क हुने, वयस्क चारदेखि पाँच महिनासम्म बाँच्ने, वयस्क कीरा लामो समयसम्म हावामा उड्न सक्ने र पाँच हजार किलोमिटरको यात्रा केवल १० दिनमा गर्न सक्ने उनको भनाइ छ। सलह कीरा एक ठाउँबाट अर्को ठाउँमा वा एक खेतबाट अर्को खेतमा गर्दै त्यहाँ उपलब्ध भएका सम्पूर्ण हरियो वनस्पतिहरु छोटो समयमा नै सखाप पारी खाइदिन सक्षम जीवको रुपमा लिइन्छ। एक दिनमा लगभग १३० किलोमिटरसम्म हुल बनाएर सलह हिड्ने बताइन्छ।

संयुक्त राष्ट्र संघको कृषि तथा खाद्य संगठनको तथ्याङ्कअनुसार साधारणतय सो कीराले प्रति दिन दुई ग्रामसम्म खान सक्छ र एक किलोमिटरको हुलमा हुने सलहको करिब चारदेखि आठ करोड संख्याले ३५ हजार जनालाई एक दिनमा पुग्ने खाना नष्ट गर्न सक्छ भनेर घोषणा गरेको छ।

सलह बढ्नुमा हाल भएको जलवायु परिवर्तनलाई महत्वपूर्ण कारण ठानिएको छ। यिनिहरुको जनसंख्या आठ हजार गुणासम्म बढेको बताइन्छ। विगतमा पनि यसरी सलहको बढोत्तरी हुने गरेको पाइएको छ। वातावरणमा भएको सुख्खापनले यिनीहरुको जनसङ्ख्या ह्वात्तै बढेको र यसको प्रकोप लामो समयसम्म रहने र बढोत्तरी छिटो छिटो भएको जनाइएको छ।

कतिपय देशले सहल नियन्त्रण गर्न हेलिकप्टरको सहायताले विषादी प्रयोग गरेको बताइन्छ। हाल प्रयोगमा आएका विषादीमा मालाथिएन र फेनिट्रोथियन प्रमुख छन्। वातावरणीय एवं स्वास्थ्यको दृष्टिकोणले राम्रा छैनन् तापनि बालिनाली जोगाउन सलह नियन्त्रणका लागि विषादी नै उपयुक्त ठहरिएको उनी बताउँछन्। तर विषादी प्रयोग गरिसकेपछि ती खाद्यान्न बालीमा विषादीको पर्खनुपर्ने अवधिलाई मध्येनजर गरी वाली भित्राउनुपर्दछ। विषादी प्रयोग गर्दा सकेसम्म सुरक्षित, सागुरा-प्रकृतिका एवं सिफारिस मात्रामा छर्नुपर्दछ।

उनले भने, "विषादी छर्ने व्यक्तिले आफ्नो शरीरलाई पूर्णरुपमा ढाँकी मुखमा माक्स र चश्मा लगाएर मात्र छर्नुपर्दछ। घरायसी प्रयोगमा लगाइने बालीलाई जालीले एवं अलि ठूलो बारले ढाकेर राख्नुपर्दछ।"

कृषि ज्ञान केन्द्र भरतपुरका प्रमुख राजन ढकाल थन्काउन लायक वालीहरुलाई टिपेर वा काटेर तत्काल थन्क्याउन आग्रह गरे। सानो जग्गा वा करेसावारीमा लगाइएका वाली एवं धानका व्याड आदीलाई हाल केही समय प्लास्टिक, झुल एवं स्याउलाले ढाकेर राख्नु उपयुक्त हुने उनको सुझाव छ।

कीरा बसेका हाँगा तथा बिरुवालाई हल्लाएर र आवाज निस्कने चिजहरु बजाएर एवं पानीको फोहरा प्रयोग गरेर पनि यसलाई धपाउन एवं व्यवथापन गर्न सकिन्छ। विषादी प्रयोग गर्नुपर्ने अवस्थामा आफूलाई पायक पर्ने ठाउँका प्राविधिकको सल्लाह बमोजिम विषादी सुरक्षित र सिफारिस मात्रामा प्रयोग गर्न केन्द्रले अनुरोध गरेको छ।

### कामदार..

मुद्रा सञ्चिती र बैंकमा पर्याप्त तरलता प्रदान गरेको उनको भनाइ छ। पछिल्लो समय विदेशबाट नेपाली कामदारको माग बढेको र नेपाली युवा पनि जान इच्छुक देखिनु सकारात्मक पक्ष भन्दै अर्थमन्त्री खतिवडाले सुरक्षा प्रबन्ध अपनाएर पठाउन थालिएको जानकारी समेत दिए। वर्तमान सरकारले बाध्यताको वैदेशिक रोजगारी अन्त्य गर्न चाहेको बताएपनि अर्थमन्त्री डा. खतिवडाको पछिल्लो अभिव्यक्तिले सरकार तत्काल वैदेशिक रोजगारको अन्त्यको पक्षमा उभिन नसक्ने धेरैको विश्लेषण रहेको छ।

### नवीकरणका..

एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर व्यवसायीहरुले मन्त्रिपरिषद्बाट वाधा अड्काउ आदेश जारी भई ईजाजतपत्र नवीकरणको बाटो खुल्ने भन्दै उत्साहका साथ मन्त्रिपरिषद्को निर्णयको प्रतिक्षा गरिहरेको बताएका छन्।

# डडेल्धुरामा पीसीआर मेसिन स्थापना गर्न खेलाडीको सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

डडेल्धुरामा पिसिआर मेसिन स्थापना गर्नका लागि कीर्तिमानी खेलाडीहरुले आर्थिक सहयोग गरेका छन् । १३ औं दक्षिण एसियाली खेलकुद (साग) की ४ स्वर्ण पदक विजेता गौरिका सिंहले पिसिआर मेसिन स्थापनाका लागि १ लाख रुपैयाँ सहयोग गरेकी छिन् । गौरिकाले हजुरबुबा लोकभक्त राणा मार्फत रकम सहयोग गर्न लागेको ओलम्पियन दीपक विष्टले जानकारी दिए ।

सागमै ४ स्वर्ण पदक तेक्वान्दोका कीर्तिमानी विष्ट र सागमै ३ स्वर्ण पदक जितेकी उनीकी श्रीमती आयशा शाक्यले २० हजार रुपैयाँ सहयोग गरेका थिए । त्यस्तै राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय खेलाडी संघका अध्यक्ष समेत रहेका दीपक श्रेष्ठ, तेक्वान्दो संघका उपाध्यक्ष भानुबहादु चन्द, नेपाल भलिबल संघका महासचिव जितेन्द्रबहादुर चन्द, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का क्रिकेटका प्रमुख प्रशिक्षक जगत टमाटा, क्रिकेट खेलाडी नरेश बुढाएरले समान १० हजार रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै सागका स्वर्ण पदक विजेता वीरबहादुर महरा ८ हजार, निशा रावल, पारा तेक्वान्दोका सदस्य हेमन्त भट्टराई, कुरुदाइया सेल्फ डिफेन्सका सुरेन्द्रसिंह विष्टले



५ हजारले पनि सहयोग गरेको ओलम्पियन विष्टले जानकारी दिए ।

त्यस्तै भलिबलका प्रशिक्षक जगदिश भट्ट, कबड्डीका मुख्य प्रशिक्षक तारा सिंह भाट, कबड्डी प्रशिक्षक विष्ट दत्त, कुस्तीका प्रशिक्षक राजेन्द्र चन्दले समान ३ हजार रुपैयाँ सहयोग गरेका छन् ।

ह्युमानीटि फाउण्डेसन नेपालले डडेलधुरामा पिसिआर मेसिन स्थापनाका लागि आर्थिक अभियानको सुरुवात गरेको थियो । स्थानिय श्याम तायलको अगुवाईमा अभियानको सुरुवात गरेको सञ्चारकर्मी समेत रहेका फाउन्डेसनका संस्थापक सदस्य दीर्घराज उपाध्यायले जानकारी दिए ।

एक दिनमा ३ सय ८४ जनाको पिसिआर परिक्षण गर्न सकिने मेसिन स्थापनाका लागि झन्डै १ करोड रुपैयाँ खर्च हुने र अभियानबाट आवश्यक भन्दा बढी रकम संकलन भइरहेको संस्थापक सदस्य उपाध्यायले जानकारी दिए । संकलन बाँकी रकम पनि सोही अभियानमा खर्च हुने उनले जानकारी दिए ।

देशमा सबैभन्दा बढी प्रभावित मध्ये प्रदेश ७ रहेपनि परिक्षणका लागि प्रदेशमा एउटा मात्र पिसिआर मेसिन रहेकोले परिक्षण बढाउनका लागि अभियान सुरु गरिएको उपाध्यायले जानकारी दिए ।

पिसिआर मेसिन आज सम्ममा जडान भइ सम्भवत मंगलबारबाट परिक्षण सुरु हुने बताइएको छ । सुदूरपश्चिमका ७ वटा पहाडी जिल्लालाई मध्यनजर गर्दै मेसिन डडेलधुरामा स्थापना गरिएको बताइएको छ । ल्याब सञ्चालनका लागि आवश्यक अन्य प्रबन्ध पनि मिलाइसकिएको उपाध्यक्षले बताए ।


फाउन्डेसनले सुरुमा रोजगारीका सिलसिलामा भारत पुगे नेपालीलाई सिमानामा निशुल्क खाना खुवाएको थियो । झन्डै २७ हजारलाई फाउन्डेसनले निशुल्क खाना ख्वाएपछि प्रदेश सरकारले नै त्यसको जिम्मा लिएपछि मेसिन स्थापनाका लागि सिक्रिय भएको उपाध्यायले बताए ।

कोडिभ १९ को संक्रमण पछि मात्र भारतबाट झन्डै साढे ३ लाख मानिस सुदूरपश्चिम फर्कनु भएको छ । त्यसमध्ये ७७ हजार क्वारिन्टनमा बसेर घर फर्कदा पिसिआर परिक्षण भएको छैन, उनले भने, यसरी घर फर्कनले कम्तीमा पिसिआर परिक्षण गराएर पठाउन पाए समाजमा कोभिड १९ को जोखिम कम हुन सक्थ्यो ।

परिक्षण नै नहुने भएपछि संक्रमण थाहा नहुने भएपछि हामीले मेसिन स्थापनाको अभियान सुरु गरेका हौं । यसमा विशेषगरि संसारभर रहनुभएका सुदूरपश्चिमेली र अन्यले पनि सहयोग गरेर यो अभियान सफल हुने क्रममा रहेको छ ।

# चीनमा वर्षाको कहर, १२ जनाको मृत्यु

**बेइजिङ, एएफपी –** चीनको दक्षिणमा अवस्थित सिचुवान प्रान्तमा परेको मुसलधारे वर्षाका कारण कम्तीमा १२ जनाको मृत्यु भएको छ । वर्षादको मौसम भएका कारण ठूलो संख्याका मानिसको उद्धार गर्नु पर्ने अवस्था सिर्जना भएको प्रान्तीय अधिकारीहरुले जनाएका छन् ।



सिचुवानको मियानिङ काउन्टीमा भएको भारी वर्षाका कारण पुलहरु र राजमार्गमा क्षति पुग्नुका साथै केही सवारी साधन बाढीले बगाएको छ । स्थानीय उद्धारकर्मीका अनुसार मियानिङमा अरु १० जना बेपत्ता भएका छन् भने सात हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

दक्षिणी चीनमा जुन महिना शुरु भएलगत्तै भारी वर्षा भइरहेको र त्यसबाट सिर्जित बाढी र पहिरोले मानिसको मृत्यु हुनेक्रम बढेको छ । विपद व्यवस्थापन मन्त्रालयका अनुसार हालसम्म ७८ जनाको मृत्यु भइसकेको छ । मन्त्रालयले धनसम्पत्तिको क्षति, सडक अबरोध र अन्य किसिमका अबरोधका कारण दक्षिणी चीनका झण्डै १ करोड २० लाख मानिस प्रभावित भएको जनाएको छ । मन्त्रालयले करिब ७ लाख २० हजार मानिसलाई सुरक्षित स्थलमा स्थानान्तरित गरिएको बताएको छ ।

बाढी, पहिरोका कारणबाट दक्षिण चीनमा हालसम्म करिब ३ अर्ब ६० करोड डलर बराबरको क्षति पुगिसकेको पनि मन्त्रालयले जनाएको छ । स्थानीय टेलिभिजनमा प्रसारित फुटेजहरुमा पूरै गाउँ र खेती जलमग्न भएको देखिएको छ । चोङकिङ महानगरमा पनि पानीको सतह खतराको स्तरभन्दा झण्डै पाँच मिटर माथि देखिएको छ, र यो पछिल्ला वर्षको उच्चत्तम रेकर्ड हो ।

चीन सरकारले बाढी पीडित नागरिकको उद्धार र राहतका लागि ठूलो बजेट विनियोजन गरेको जनाएको छ ।

# पाकिस्तान स्टक एक्सचेन्जमा आक्रमण




**कराँची, एएफपी -** बन्धुकधारीहरुले पाकिस्तान स्टक एक्सचेन्जमा सोमबार आक्रमण गरेका छन् । प्रहरीका अनुसार प्रहरीको कारबाहीमा आक्रमणकारीमध्येका चार जनाको मृत्यु भएको छ ।

कराँचीका प्रहरी प्रमुख गुलाम नबी मेमोनले आक्रमणकारीले ट्रेडिङ स्थलको बाहिर कार ल्याएर राखेका र त्यसपछि ग्रिनेड र बन्दुक प्रहार गरेको जानकारी दिए । उनले आक्रमणकारी चार जनाको प्रहरी कारबाहीमा मृत्यु भएको जानकारी दिए ।

एएफपीका अनुसार आक्रमणकारीको गोली लागेर चार जना सुरक्षागार्ड, एक जना प्रहरी र एक व्यक्तिको मृत्यु भएको छ । कराँचीमा अपराध र राजनीतिक तथा जातीय हिंसाबाट प्रताडित रहने गरेको छ । राजनीतिक संरक्षणप्राप्त बन्धुकधारीहरुले बेलाबखत विपक्षी नेताहरु तथा आवासीय क्षेत्रमा आक्रमण गर्ने गरेको इतिहास छ ।

तर, कराँचीको सुरक्षा व्यवस्था पछिल्ला वर्षहरुमा निकै सुधार भएको छ । पाकिस्तानी सुरक्षाकर्मीले राजनीति आडमा संचालित आपराधिक गिरोह र इस्लामिक चरमपन्थीमाथि व्यापक कारबाही गरेपछि परिस्थितिमा सुधार आएको हो ।

पाकिस्तानमा अखडा बनाएका अल-कायदा र तालिबान समर्थित पाकिस्तानी लडाकूले पाकिस्तानका कुनै पनि क्षेत्रमा आक्रमण गर्ने सामर्थ्य राख्ने सुरक्षाविज्ञहरुको भनाई छ ।

# कोभिड-१९ बाट विश्वमा पाँच लाख ४ हजार भन्दा बढीको मृत्यु

**जेनेभा, एएफपी–** कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ५ लाख ४ हजार ४९१ पुगेको छ । साथै यस संक्रमणबाट विश्वभर १ करोड २  लाख ४९ हजार ८४० जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ । नेपाली समयानुसार सोमबार मध्याह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ५५ लाख ५७ हजार ९८० जना निको भएका छन्.।


हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ४१ लाख ८७ हजार ३६९ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरुमा ५७ हजार ३४७ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २६ लाख ३७ हजार ७७ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख २८ हजार ४३७ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ । दक्षिण अमेरिकामा २१ लाख ४७ हजार ६८३ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ८२ हजार ३८६ जनाको मृत्यु भएको छ ।

उत्तर अमेरिकामा ३० लाख ७६ हजार ९७० जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ६६ हजार ६९० जनाको मृत्यु भएको छ । युरोपमा २४ लाख १३ हजार ५१९ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९० हजार ७२५ को मृत्यु भएको छ ।

एसियामा २२ लाख १६ हजार ३२१ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ५४ हजार ८५१ जनाको मृत्यु भएको छ । अफ्रिकामा ३ लाख ८५ हजार २१९ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ९ हजार ६९८ जनाको मृत्यु भएको छ । ओसियानामा ९ हजार ४०७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२६ जनाको मृत्यु भएको छ ।

# रोकथाममा सरकारले सक्दो प्रयास गरेको छ– गृहमन्त्री शाह



**नयाँदिल्ली, एएनआई–** भारतीय गृहमन्त्री अमित शाहले भारतको राजधानी शहरमा कोभिड १९ को महामारी कम गर्न विशेष रुपमा काम गरेको बताएका छन् ।

उनले राजधानीमा निकै विस्फोटक रुपमा संक्रमितहरुको संख्या बढ्दै गएकोले रोकथामका कामहरुमा सरकारले ध्यान दिएको बताए । उनले संक्रमणको रोकथामका लागि आवश्यक मात्रामा सरकारले काम गरेको भन्दै सरकारले रोगविरुद्ध लड्न पूर्वाधार निर्माणको काम गरेको बताए । उनले सरकारले अस्पताल, बेडहरु र उपचारका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने जानकारी दिए । यस महिनाको अन्त्यसम्ममा राजधानी सहर दिल्लीका लागि कम्तीमा पनि ३० हजारजति बेड उपलब्ध हुने गरी सरकारले काम गरेको बताएका छन् ।

सरकारले कम्तीमा पनि ८ हजार जति बेडहरु रेलका डिब्बामा तयार पारिएको बताए । सरकारले रेलका डिब्बाहरुलाई पनि आइसोलेसन बेड र उपचार कक्षकै रुपमा विकास गरेको भन्दै आइसियु चाहिने विरामीलाई मात्र अस्पताल लगे हुने अवस्था बनाइएको जानकारी दिए ।

यो जुन महिनाको अन्त्यसम्ममा दिल्लीमा मात्र कम्तीमा पनि २५० ओटा भेन्टिलेटरसहितका आइसियु बेड निर्माण गरिदिने जानकारी पनि मन्त्री शाहले दिए । उनले सरकारले कोरोना भाइरसका विरुद्धमा कडा रुपमा लडिरहेको धारणा पनि राखे । उनले भने, जनताको स्वास्थ्यलाई ध्यानमा राखेर सरकारले काम गरिरहेको छ ।

# भारतमा एकै दिन थपिए २० हजार कोरोना संक्रमित

**नयाँदिल्ली, /एएनआई-** भारतमा दैनिक हजारौको संख्यामा नयाँ संक्रमितहरु थपिदै गएकाले कुल सङ्क्रमितको संख्या ५ लाख ४८ हजार ३१८ पुगेको छ । सरकारी अधिकारीहरुले सोमबार बिहान सार्वजनिक गरेको जानकारीअनुसार पछिल्लो २४ घण्टामा मात्रै १९ हजार ४५९ जना संक्रमित भएका छन् । भारतमा गएको २४ घण्टामा ३८० व्यक्तिको मृत्यु भएपछि कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या १६ हजार ५०७ पुगेको छ ।

देशभरी अहिले २ लाख १० हजार १२० जना संक्रमित अवस्थामै रहेका छन् भने संक्रमणमुक्त हुनेहरुको संख्या ३ लाख  २१ हजार ७२३ पुगेको छ । कोरोना भाइरसबाट सबैभन्दा धेरै महाराष्ट्र प्रदेश प्रभावित भएको छ । सो प्रदेशमा कोरोनाभाइरसबाट संक्रमित भएका र मृत्यु भएकाहरुको संख्या सवैभन्दा धेरै रहेको छ । महाराष्ट्रमा मात्रै अहिलेसम्म १ लाख ६४ हजार ६२६ जना संक्रमित भएका छन् ।

त्यसैगरी केन्द्रिय राजधानी समेत रहेको दिल्ली प्रदेशमा ८३ हजार ७७ जना संक्रमित भएका मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

# चीनमा विद्यालय शिक्षा छाड्ने दरमा ९९ प्रतिशतले कमी आयो

**बेइजिङ, सिन्हुवा -** चीनमा विद्यालय शिक्षा छाड्ने दरमा राष्ट्रव्यापी रुपमा झण्डै ९९ प्रतिशतले कमी आएको छ । चीनमा नौ वर्षको अनिवार्य स्कुल शिक्षा प्रणाली छ ।

चीनको शिक्षा मन्त्रालयका अनुसार सन् २०१९ को शुरुमा करिब छ लाखले विद्यालय शिक्षा छाडेका थिए भने यसवर्षको जुन १४ सम्ममा ६ हजार ७८१ जनाले मात्र विद्यालय शिक्षा परित्याग गरेका छन् । मन्त्रालयले तयार पारेको अनिवार्य विद्यालय शिक्षाको प्रावधानको कार्यान्वयनमा कडाई गरेपछि विद्यालय छाड्ने दरमा कमी आएको बताइएको छ । चीनमा अहिले शारीरिक कठिनाईका कारण विद्यालयमा उपस्थित हुन नसक्ने बाहेक अरु सबैलाई विद्यालय शिक्षामा अनिवार्य समेटिने गरिएको मन्त्रालयको भनाई छ ।

नवौं वर्षको शिक्षा पूरा गर्ने विद्यार्थीको दरलाई पनि सन् २०२० को अन्त्यसम्ममा ९५ प्रतिशत पुर्‍याउने मन्त्रालयले जनाएको छ । चीन सरकारले गरिब परिवारका बालबालिकालाई अनिवार्य शिक्षामा समाहित गर्न विशेष पहल र कार्यक्रम शुरु गरेकै कारण विद्यालय छाड्ने दरमा कमी आएको हो ।

कोरोनाभाइरस समेतका महामारीका कारणबाट विद्यालय छाड्न नपर्ने वातावरण पनि तयार पारिएको शिक्षा मन्त्रालयले बताएको छ । रोजगारीका लागि पढाई छाड्ने विद्यार्थीहरुका निम्ति पुनः विद्यालय शिक्षामा समावेश गर्न तथा बालश्रमका लागि बालबालिका लैजाने गिरोहलाई कडा कारबाही गर्न सरकारले नयाँ निर्देशिका समेत जारी गरेको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/१०/२७ गते विहान १०:०० बजेको समयमा कोटेश्वरको अमुल आयुर्वेदिक औषधालयको कम्पाउडमा पार्किङ गरि राखेको प्रदेश नं.३–०२–००६ प ७१६९ को यामाहा कम्पनीको १४९ सि.सि. को FZS FIV3 मोटरसाईकल हराएकोले फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खबर गरिदिनु होला ।

सवारी धनी : विक्रान्त बचत तथा ऋण सहकारी लि.
ठेगाना : कालिमाटी, काठमाडौ
च्यासिस नं: ME1RG44BK0026187
इन्जीन नं : G3J3E0454305
सम्पर्क : ९८५१०५२२३५

हार्दिक श्रद्धाञ्जली



जन्म
बि.स १९९७
माघ १० गते

स्व. हरिलाल गिरी

स्वर्गारोहण
बि.सं. २०७७
असार ५ गते

हाम्रा शुभेच्छुक तथा फ्युजन पोलिक्लिनिक एण्ड डाइग्नोस्टिक सेन्टर प्रा. लि.का संचालक श्री डि.बि. गिरीको पुजनीय पिता हरिलाल गिरी नेपालको २०७७/०३/०५ गते असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिबंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवार तथा आफन्तजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह दैनिक
Madhyanha Daily
परिवार

श्री भानु माध्यमिक विद्यालय, रतनपुर
दुधौली नगरपालिका-०२, सिन्धुली

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/१६

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७७/०३/३० गते दिउसो १२ बजे भित्र) आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सामानको विवरण:**

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री भानु माध्यमिक विद्यालय, रतनपुर, दुधौली नपा-०२, सिन्धुली, सम्पर्क नं ९८०३३०८१२८, ९८४४२४४४०५

**ग्रीनल्याण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
(द.नं. २८०१/०६६/६७)
टोखा, काठमाण्डौ, सम्पर्क नं. ९८५१०२३२२६

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७७/०३/१६

यस ग्रीनल्याण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालन तथा व्यवस्थापन मिति २०७६ चैत्र २ गते सम्पन्न बार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक समितिको नयाँ व्यवस्थापनमा मिति २०७७ श्रावण १ गतेबाट गर्न लागेको हुदा यस संस्था संग सम्बन्धित २०७७ आषाढ ११ गते भन्दा अगाडीका सवै शेयरधनि, बचतकर्ताहरुको कुनै पनि किसिमका हकदावी भएमा हक दावी गर्न तथा ऋणीहरुले तिर्न बुझाउनु पर्ने भएमा तिर्न बुझाउन समेत यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र संस्थाको कार्यालय काठमाण्डौ जिल्ला टोखा न.पा. वडा नं. ८ ग्रिनल्याण्डमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०३/१० मा दर्ता भएको **प्रा.लि. नं. ७३८४४** को **चितवन एक्सप्रेस सव रेमिट्यान्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### ३ महिनापछि संचालनमा आएको सेयर बजार

# १२ अंकको गिरावट, ४८ करोडको कारोबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

लकडाउनका कारण ३ महिनाभन्दा बढी समय बन्द भएको धितोपत्र बजार सोमबारदेखि संचालनमा आएको छ । नेपाल धितोपत्र बोर्डले निर्देशन दिएसँगै नेपाल स्टक एक्स्चेन्जले सोमबारदेखि संचालनमा ल्याएको धितोपत्र कारोबार गर्ने नेपाल स्टक एक्चेन्ज (नेप्से परिसूचक) पहिलो दिन नै १२ दशमलव ८७ अंकले गिरावट आई नेप्से परिसूचक १ हजार १८८ दशमलव ७० बिन्दुमा अडिएको छ । यो १ दशमलव ०७ प्रतिशतको गिरावट हो । यसैगरी, क वर्गको कम्पनीहरुको मापन गर्ने सूचक सेन्सेटीभमा ४ दशमलव ०३ अंकले गिरावट आई २५६ दशमलव २ ९ अंकमा थामिएको छ । यो १ दशमलव ५५ प्रतिशतको गिरावट हो । त्यस्तै, कारोबारको पहिलो दिन सोमबार नेप्से मा १३० कम्पनीहरुको कारोबार भएको छ । जम्मा ९ लाख ७० हजार ७६ कित्ता शेयर ४ हजार ८ सय ६२ पटक कारोबार हुँदा ४८ करोड ५३ लाख १५ हजार ६ सय २७ रुपैयाँको कारोबार भएको छ । सोमबार, नाफा कमाउनेमा सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट, हिमालय डिष्ट्रलरी लिमिटेड, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडका साथै उक्त बैंककै प्रोमोटर शेयर र सिभम् सिमेन्टस लिमिटेड लगाएतका कम्पनीका शेयरधनीहरु रहेका छन् । भने, स्वावलम्बन लघुबित्त बित्तिय संस्था लिमिटेड, नेपाल रि-इन्स्योरेन्स कम्पनी लिमिटेड, आशा लघुवित्त लघुबित्तिय संस्था, इन्फिनिटी लघुबित्त लगाएतका लगानीकर्ताहरुले गुमाउनु परेको छ । ८ समूहको सूचक ओरालो लागेको छ । सोमबार जीवन बीमा समूहको सूचक सबैभन्दा धेरै २३७ दशमलव ७२ अंकले बढेको छ । निर्जीवन बीमा समूहको सूचक १०१ दशमलव ४६ अंकले घटेको हो । बैंकिङ २५ अंकले घटेको छ । होटल साढे २६, विकास बैंक ६३, जलविद्युत १३ अंकले घटेको छ । निर्जीवन बीमा कम्पनी पनि १०१ अंकले घटेको छ । कोरोना महामारी विश्वभर फैलने क्रममा नियन्त्रण र रोकथामको लागि नेपालमा पनि विगत चैत ११ गतेदेखि शुरु भएको लकडाउनसँगै बन्द भएको धितोपत्र बजार (शेयर बजार) नेप्से लकडाउनकैबीच दुई दिन कारोबार भएको थियो । नेपालमा कोरोना संक्रमितको संख्यामा दिनानु बढ्दै गएपनि सरकारले अर्थतन्त्रलाई सुचारु राख्ने निर्णयसँगै लकडाउनलाई खुकुलो बनाउँदै लाने निर्णय लिएसँगै सोमबारदेखि धितोपत्र बजार पुनः सूचारु गर्ने निर्णय आइतबार धितोपत्र नियामक निकायले गरेको हो । सोमबार सेयर कारोबार खुलेको ४० मिनेट मै बजार ४ प्रतिशतले घटेपछि बजार स्थगित गर्नु परेको थियो । कारोबार घटेपछि २० मिनेटका लागि स्थगित गरिएको थियो ।




# सडक विभागले ७ अर्ब रकम भुक्तानी गर्नुपर्ने




**काठमाडौं/मस**-सडक विभागले निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रकम रु सात अर्ब पुगेको छ। यो रकम ठेक्का सम्झौतानुसार काम गरेर भुक्तानीका लागि पेश भएको बिलको रकम हो । यो महिनाको अन्तिमसम्ममा थप पाँचदेखि सात अर्ब रकम भुक्तानी गर्नुपर्ने दायित्व रहेको विभागका प्रवक्ता उपमहानिर्देशक शिवहरि सापकोटाले बताए । कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि जारी बन्दाबन्दीका कारण भुक्तानी गर्नुपर्ने रकम विभागले दिन सकेको थिएन । आर्थिक वर्षको अन्तिम भएकाले विभागले चालू आवको भुक्तानी यही महिनाभर गरिसक्नुपर्ने बाध्यता छ । निर्माणको काम भइसकेको ठेक्कामा भुक्तानी गर्नुपर्ने विभागको जिम्मेवारी भएको उनले बताए । उनले भने, "काम गरेपछि पैसा माग्नु स्वभाविक हो, चाँडो भुक्तानीका लागि पहल गरिरहेका छौं ।"

विभागमा यही २५ गतेसम्ममा भुक्तानीका लागि विल आइसक्ने उपमहानिर्देशक सापकोटाले बताए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग यस विषयमा कुराकानी भइरहेको छ । उनले भने, "अर्थ मन्त्रालय पनि यसमा गम्भीर छ, छिट्टै विनियोजन हुने हाम्रो विश्वास छ ।"

# पूरा भएनन् चावहिल उत्तरपूर्वका सडक



**काठमाडौं/मस**-वर्षा लागेसँगै चावहिलबाट उत्तरपूर्व लाग्ने सडकमा पानीको पोखरी जमेपछि आवागमनमा समस्या हुन थालेको छ । काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले सडक विस्तारका लागि ठेक्का गरेको छ वर्ष वितिसक्दा पनि काम पूरा हुन सकेको छैन । कोरोना भाइरसको सङ्क्रमणबाट बच्न सार्वजनिक यातायात बन्द रहेकाले बाइकमा हिँड्दा हिलाम्य हुन बाध्य हुनुपरेको रामचन्द्र पुडासैनीले गुनासो गरे । सडककै कारण घाम लाग्दा धुलाम्य र पानी पर्दा हिलाम्यमा यात्रा गर्न बाध्य हुनुपरेको उपभोक्ताको गुनासो छ । तीन तहको सरकार बनेको तीन वर्ष पूरा भएपनि राजधानीको मुख्य भागका समस्या समाधान हुन नसकेको जोरपाटीका मङ्गले तामाङ बताउनुहुन्छ । चावहिल-बौद्ध-जोरपाटीको सडकबीच भागमा कालोपत्र सकिएको छ । दायाँबायाँ ढल विच्छ्याउने लगायतका काम भने सकिएको छैन । जोरपाटीबाट साँखुतिरको सडकका आधादर्जन स्थानमा सडक सीमाको विवाद रहेको आयोजनाले जनाएको छ । यस्तै समस्या जोरपाटीबाट सुन्दरीजलतिरको सडकमा पनि छ । समस्या समाधानका लागि यी सडकमा पर्ने तीनवटा स्थानीय तहले समेत काम गर्न नसकेको स्थानीयवासीको दुःखेसो छ । यस क्षेत्रमा काठमाडौं महानगरपालिका, गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिका पर्छन् । सडक निर्माणमा आइपरेका विभिन्न समस्याका कारण चावहिलबाट उत्तरपूर्व जाने सडक पूरा हुन नसकेको आयोजनाले जनाएको छ । आयोजना प्रमुख गुरुप्रसाद अधिकारी लामो समयपछि बिजुली पोलको समस्या समाधान भए पनि विस्तार गर्ने स्थानका मानिस अदालतमा मुद्दा लिएर गएकाले काम गर्न नसकिएको बताउनुहुन्छ । विवादका कारण ढिला भएको सडक बन्दाबन्दी शुरु भएपछि भने निर्माण सामग्री नपाएरै काम हुन नसकेको उनले जानकारी गराए । उत्तरपूर्व आउन वैकल्पिक सडकका रुपमा प्रयोग हुँदै आएको चुच्चेपाटी-तीनचुले-आरुबारी हुँदै गोकर्णेश्वर महादेव मन्दिर निस्कने बाटोसमेत जीर्ण छ । मित्रपार्कबाट गुह्येश्वरी हुँदै वाग्मती नदी किनारबाट जोरपाटी नारायणटार निस्कने सडकको अवस्था पनि उस्तै छ । यस क्षेत्रमा गुड्ने विभिन्न प्रयोजनका पानीको ट्याङ्करका कारणसमेत सडक विग्रने गरेको छ । वर्षा सकिएपछि जहाँ जहाँ जति जति सडक उपलब्ध हुन्छ, त्यतिमै कालोपत्र गर्ने गरी तयारी भइरहेको छ । उपलब्ध सडकमा मङ्सिरसम्ममा कालोपत्र गरिसक्ने आयोजनाको लक्ष्य छ । आयोजनाले सडक बनाउने स्थान खाली नभइ ठेक्का गरेका कारण राम्रो भएका स्थानको सडकसमेत निर्माण शुरु भएपछि बिग्रिएको छ । सडकको दूरावस्थाका कारण सवारी दुर्घटनासमेत बढ्ने गरेको छ । सडकमा बनेको हिलो पोखरीमा बाइक पल्टने गरेका छन् । सवारीले हिलो छ्यापेर पैदलयात्रीलाई सास्ती हुने गरेको छ ।

# पर्यटन मन्त्रालयले विभिन्न स्रष्टालाई पुरस्कृत गर्ने




**काठमाडौं/मस**-संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विभिन्न विधाका स्रष्टालाई प्रदान गरिने पुरस्कारको घोषणा गरेको छ । मन्त्रालयले आइतबार भएको मन्त्रिस्तरको निर्णयबाट राजनीतिक तथा सांस्कृतिक परिवर्तन, भाषा, साहित्य, संस्कृति र नाटक विधामा पुरस्कृत हुने व्यक्तिलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको जनाएको छ ।

सोअन्तर्गत समाज सुधार अभियान विधा तर्फ २०७६ सालको भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार जाजरकोटका नवराज विकलाई मराणोपरान्त दिने निर्णय गरिएको छ । विकको गत जेठ १० गते हत्या भएको थियो ।

त्यसैगरी २०७६ सालको साहित्य, संस्कृति र विज्ञान विधातर्फको पुष्पलाल राष्ट्रिय पुरस्कार राष्ट्रिय आविष्कार केन्द्रलाई दिने निर्णय गरेको छ । यो आविष्कार केन्द्रका संस्थापक महावीर पुन हुनुहुन्छ । त्यस्तै, संस्कृति विधा तर्फको राष्ट्रिय प्रतिभा पुरस्कार बुद्धिनारायण श्रेष्ठ र भाषा साहित्य विधा तर्फ महाकवी लक्ष्मीप्रसाद देवकोटा पुरस्कार भैरव रिसाललाई दिने निर्णय भएको छ । नाटक विधातर्फ गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार वरिष्ठ साहित्यकार अभि सुवेदीलाई दिने निर्णय गरेको छ । यी सबै पुरस्कारको राशि जनही रु एक लाख रहेको छ ।

यसबाहेक संस्कृति, भाषा, ललितकला, सङ्गीत तथा नाटच गरी चारै विधामा एक एक जनालाई जनही रु एक लाख राशिको राष्ट्रिय प्रतिभा पुरस्कार र ती प्रत्येक विधामा सात-सात जनालाई जनही रु ५० हजार राशिको प्रादेशिक प्रतिभा पुरस्कार पनि घोषणा भएको मन्त्रालयले जनाएको छ । महाकवी देवकोटा पुरस्कार भाषा, सहित्य विधासहित कविता, निवन्ध, गद्याख्यान/नाटक र वालसहित्य/लोकसाहित्य गरी पाँच विधामा पाँच स्रष्टालाई दिने निर्णय भएको छ । गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार नाटकसहित कविता विधामा एक जनालाई, पुष्पलाल राष्ट्रिय पुरस्कार साहित्य, संस्कृति र विज्ञानसहित राजनीतिक र सैद्धान्तिक तथा इतिहास गरी तीन विधामा तीनजनालाई र भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार समाज सुधार अभियानसहित मानवअधिकार र सीप कला, शिक्षा, साहित्य, लेखन तथा अनुसन्धान गरी तीन जानलाई दिने निर्णय भएको छ । यी प्रत्येक पुरस्कारको राशि जनही रु एक लाख रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकले पायो केयर ए प्लस रेटिङ्स

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**काठमाडौं/मस**-राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले केयर रेटिङ्गस नेपालद्धारा गरिएको रेटिङ्गसमा ए प्लस रेटिङ्गस प्राप्त गरेको छ । केयर रेटिङ्गसमा ए प्लस रेटिङ्गसले बैंकको कर्जा जोखिम न्यून रहनुका साथै वित्तीय अवस्था मजबुत रहेको बुझिने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताए । राष्ट्रिय वाणिज्य बैंक गत आ.व. २०७५/०७६ मा सबैभन्दा बढी पांच अर्ब चार करोड रुपैंया मुनाफा कमाउन सफल भएको र आ.व. २०७४/०७५ मा बैंक वित्तीय संस्था तथा विप्रेषण कारोबार गर्ने संस्थामध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने बैंकको रुपमा रहेको छ । हाल बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २४० वटा शाखा कार्यालय, २०५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

# नेपाल बङ्लादेश बैंकको ९६ औं शाखा काँडाघारीमा

**काठमाडौं/मस**-नेपाल बङ्गलादेश बैंकले शाखा बिस्तारको क्रममा आफ्नो ९६औं शाखा काठमाडौं जिल्लाको काँडाघारीमा संचालनमा ल्याएको छ । बैंकले २०७७, आषाढ १५ गतेबाट काठमाडौं जिल्लाको काँडाघारीमा शाखा उद्घाटन गरि औपचारिक कारोबार शुभारम्भ गरेको हो । उक्त शाखाको औपचारिक समुद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र प्रसाद ढुङ्गानाले गरेका छन् । बैंकले सो क्षेत्रका सर्वसाधारणलाई सहज बैंकिङ्ग सेवा सुविधा प्रदान गर्ने उदेश्यले आफ्नो शाखा संजालमा नयाँ शाखा विस्तार गरेको हो । साथै सो शाखाबाट सर्वसाधारण तथा उद्यमीले सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा र रकम भुक्तानी लगायत सम्पुर्ण बैंकिङ्ग सेवा प्राप्त गर्न सक्नेछन । काँडाघारी शाखा सहित बैंकले ९६ शाखा, ७ एक्सटेन्सन काउन्टर, तथा ८० वटा एटिएमबाट बैंकिङ्ग सुविधा दिंदै आएको कुरा पनि जानकारी गराएको छ ।

# कामना सेवाको अनलाईन कर्जा आवेदन सेवा सञ्चालनमा

**काठमाडौं/मस**-कामना सेवा विकास बैंकले कोरोना महामारीको बेला ग्राहकहरुको सेवा र सुरक्षालाई ध्यानमा राख्दै मिति असार १४ गते देखि लागू हुनेगरी बैंकको वेबसाइट मार्फत अनलाईन कर्जा योग्यता मापन/ आवेदन गर्न सकिने सुविधा सञ्चालनमा ल्याएको छ । अब ग्राहकहरुले घरैमा बसेर कामना सेवा विकास बैंकको जुनसुकै शाखा कार्यलयमा शेयर कर्जा, प्रोफेश्नल लोन, घर कर्जा, सवारी कर्जा, व्यापारिक कर्जा लागि आवेदन दिन सक्नेछन् । काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको यस बैंकले देशका विभिन्न भागहरुमा १२३ वटा शाखा तथा ६४ वटा एटिएममार्फत ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ ।

# भाटभटेनी ग्रुपले भाटभटेनी मन्दिरमा २ करोड लागतमा सत्तल निर्माण गरिदिने

**काठमाडौं/मस**-भाटभटेनी ग्रुपले नक्सालस्थित भाटभटेनी मन्दिर परिसरमा २ करोड लागतमा सत्तल निर्माण गर्ने भएको छ । भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङले भाटभटेनी माताको मन्दिर परिसरमा स्वर्गीय बुबा बृषबहादुर गुरुङ र आमा धनमाया गुरुङको स्मृतिमा उक्त भवन निर्माण गरिन लागेको जानकारी दिए । उक्त भवनको शिलान्यास उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले सोमबार बिहान गरेका छन् । कार्यक्रममा सम्बोधन गर्दै मन्त्री पोखरेलले व्यवसायी गुरुङको प्रशंसा गरेका थिए । उनले भने, "मीनबहादुरजी धनमात्रै होइन मन पनि भएको व्यक्ति हुनुहुन्छ । हामीले मीनबहादुरजीलाई के पाएका छौं भने धन र मन दुवै भएको व्यक्तिका रुपमा । हामीले त्यसरी चिन्छौं । उहाँजस्तै निजी क्षेत्रमा क्रियाशील धेरैजना हुनुहुन्छ । उहाँलाई अनुसरण गर्दै उहाँहरु पनि अघि बढ्नुपर्छ । लगनशील भएर काम गरिरह्यो भने प्रगति गर्न सकिन्छ भन्ने उदाहरण उहाँले दिनुभएको छ ।" उनले सरकारले व्यवसायीलाई सहजीकरण गरिदिने बताउँदै भने, "हाम्रा पुर्खाहरुले निर्माण गरेको चिजहरुलाई नष्ट हुनबाट हामीले नै बचाउनुपर्छ ।"

## विज्ञापन रकम भुक्तानीबारे
## अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरु**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा.लि.**
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**